# बर्दियाको ओराली बजारमा भएको गोली काण्डमा स्थानिय १८ बर्षिय नबिना चौधरीको सुरक्षाकर्मीले हानेको गोली लागी मृत्यु भएको घटनाको सम्बन्धमा गरिएको स्थलगत प्रतिवेदन




बर्दियाको मधुवन स्थित ओराली बजारका सुरक्षाकर्मी र आन्दोलनकारी बीच झडपको घटनामा एक किशोरी नबिना चौधरीको मृत्यु भएको बिषयमा २०७९ जेष्ठ २५ गते स्थलगत अध्ययन गरिएको छ। एडभोकेसी फोरम, इन्सेक र मानव अधिकार एलायन्सको संयुक्त आयोजनामा गरिएको अनुगमनमा घटनास्थल, पीडित परिवार, प्रहरी प्रशासनका प्रमुख तथा प्रतिनिधिका साथै अन्य सरोकारवाला निकायसंग भेटी घटनाको बारेमा तथ्य संकलन गरिएको थियो। स्थलगत अध्ययन टोलीमा मानव अधिकार एलायन्सका केन्द्रिय सदस्य प्रभात कुमार ठकुरी, मानव अधिकार एलायन्सका बाँके जिल्ला अध्यक्ष एवम् एडभोकेसी फोरमका प्रतिनिधि बसन्त गौतम, इन्सेक कार्यक्रम अधिकृत सरस्वती मल्ल सहितको सहभागिता रहेको थियो।

पहिलै देखि आरक्षित वन्यजन्तु संरक्षण क्षेत्रबाट आउने बाघ, चितुवा लगायतका वन्यजन्तुले स्थानियहरुको एक पछि अर्को गर्दै श्रृङ्खलाबद्ध रुपमा ज्यान लिन थाले पछि सुरक्षाको आवश्यक प्रबन्ध मिलाई दिन स्थानियहरुले बिभिन्न सरोकारवाला निकायलाई गुहारी रहेका थिए। तर, बाघ, चितुवाले दिउँसै गाउँ छिरेर सर्वसाधारणको हत्या गर्न थाले पछि स्थानियहरु सरोकारवालालाई दबाव दिन बाटो अवरुद्ध गरि आन्दोलनमा उत्रिएका थिए।

जिल्ला बर्दिया मधुवन नगरपालिका –२ ओराली बजारमा २०७९ जेठ २३ गते अपरान्ह ६ : ०० बजेतिर सुरक्षाकर्मीले चलाएको गोली लागेर जिल्ला बर्दिया मधुवन नपा–२ सोनाहाकी २० वर्षीया नविना चौधरीको मृत्यु भएको छ भने सोही ठाउँका २२ वर्षीय राकेशकुमार चौधरी घाइते भएका छन्। मृतक नबिना  चौधरी नमुना माबि मधुवनमा ११ कक्षामा पढ्ने गर्थिन्। कृषि पेशामा संलग्न उनी अन्य स्थानियसंगै आन्दोलनमा गएकी थिईन। यस्तै घटनामा मधुवन २ का ३० बर्षिय धनीराम थारुले आन्दोलनका क्रममा प्रहरीले बायाँ कुँभका बन्दुकको कुन्दाले हानेको ँ बताउनु भयो। दायाँ कुँभमा चोट देखाउँदै उहाँले सुरक्षाकर्मीले जथाभावी कुटेको आरोप लगाउनु भयो।

स्थानियद्धारा अवरुद्ध बाटो खुलाउन सशस्त्र र जनपथ प्रहरीको संयुक्त टोली गएकोमा भिड नियन्त्रणका लागी दुवै तर्फबाट गोली चलाएकोमा कसको गोली लागी मृत्यु भएको भन्ने यकिन खुलेको छैन।

कोखामा गोली लागेर घाइते भएका राकेश कुमार चौधरीको स्थानीय मेडिकलमा प्राथमिक उपचार पछि थप उपचारको लागि नेपालगञ्ज स्थित नेपालगंज मेडिकल कलेज शिक्षण अस्पतालमा लगिएको घटनाका प्रत्यक्षदर्शी कालुराम चौधरीले बताउनु भयो।

मधुवन नपा–  २ सोनाहा की ४१ वर्षीया अस्मिता थारुलाई जेठ २३ गते बिहान खेतमा काम गरिरहेको अवस्थामा सोनाहाफाटा सामुदायिक बन तर्फबाट आएको बाघले आक्रमण गरी घाइते बनाए पछि निजका श्रीमान जगतराम थारु चिच्याई सहयोगका लागी गाउँलेहरु समक्ष गुहार मागे पछि नजिकका गाउँलेहरु तत्काल जुटेका थिए। सबै गाउँले मिलि अस्मितालाई बाघको नियन्त्रणबाट छुटाए पछि घाइते अस्मिता थारुको उपचारका लागी नेपालगंज स्थित नेपालगंज मेडिकल कलेज शिक्षण अस्पताल लगिएको थियो।

यसको १५ दिन पहिले पनि बाघको आक्रमणबाट स्थानिय कौशिला देवी पाल (५४ बर्ष) को मृत्यु भएको थियो। उक्त घटना सेलाउन नपाउँदै एक पछि अर्को गर्दै गाउँ घरमै बाघ आई व्यक्तिलाई आक्रमण गरि मृत्यु हुने घटना बढे पछि यसको रोकथाम र नागरिकको जिवन रक्षाको लागी शान्तिपुर्ण आन्दोलनमा उत्रन बाध्य भएको अनुगमन टोली समक्ष बताएका थिए। १५ दिन अघि नै मधुवन नगरपालिकाका मेयर तेज बहादुर भाटले मानव बस्तीमा तारबार लगाएर बन्यजन्यबाट सुरक्षा प्रदान गर्न पहल गर्ने बताएका थिए। तर एक पछि अर्को घटना घट्ने र नागरिक बाघको आक्रमणबाट मर्ने क्रम नरोकिए पछि बाध्य भई आन्दोलनमा उत्रिनु परेको स्थानियहरुले अनुगमन टोलीलाई बताए।

घटनालाई बन्यजन्तुबाट सुरक्षित हुनुपर्ने माग गर्दै स्थानीयहरूले हुलाकी राजमार्ग अवरोध गरी आन्दोलन गरिरहेका थिए। यसमा सरकारी निकायलाई दवाव दिन प्रत्येक घरबाट कम्तीमा एक जनाले स्थानियबासी आन्दोलनमा उत्रिएका थिए।

आन्दोलनकारीहरूले सरकारले घाइतेको निशुल्क उपचार गर्नु पर्ने र नरभक्षी बाघलाई नियन्त्रणमा लिनुको साथै नागरिकहरूको सुरक्षा हुन पर्ने माग गर्दै २०७९ जेष्ठ २३ गते  दिनभरी सडक अवरोध गरी आन्दोलन गरेका थिए।

साँझ दुवै पक्ष बीच भएको वार्तामा सहमती गरेर अवरोध हटाउने भनिएको भए तापनि अचानक आन्दोलनकारी र प्रहरी बिच तनाव भएको थियोे। आन्दोलनले उग्र रुप लिए पछि सुरक्षाकर्मीले गोली चलाउँदा एक जनाको घटना स्थलमै मृत्यु भयो भने एक जना घाइते भएका छन्। यसमा आन्दोलनकारीले प्रहरीले एक्कासी सिटि फुकेर गोली चलाएको आरोप लगाएका छन् भने प्रहरीले भने आन्दोलनकारीबाट ढुंगामुडा गरि सुरक्षाकर्मी लड्न थाले पछि स्थितिलाई नियन्त्रणमा लिन बल प्रयोग गर्नु परेको प्रत्तिक्रिया दिएको छ।

आपसी सहमतिबाट समस्याको समाधान निकाल्ने विषयमा स्थानीय बासिन्दा र सुरक्षाकर्मीका बिचमा सहमति पत्रको मस्यौदा गर्दै गर्दा एक्कासी सुचना नदिई सिठी फुकेर हवाई फायर गर्ने, गोली चलाउने काम भएको आन्दोलनकारीले बताए। गोलीहान्नु अघि सुचना दिएर गर्नु पर्नेमा त्यसो नगरिएको उनीहरुको भनाई छ। प्रहरीले धकेल्ने, लाठीले हान्ने ढुंगाले हान्ने गरे पछि जनताको तर्फबाट पनि ढुंगा हानिएको आन्दोलनकारीको भनाई छ। अश्रुग्यास फाले पछि दगुरा दगुर भएको र यस क्रममा सुरक्षाकर्मीले गोली चलाएको एक आन्दोलनकारी  ३१ बर्षिय

रितेश बर्माले बताए। जंगल साईडबाट सुरक्षाकर्मीले घुडा टेकेर गोली चलाएको आफुले देखेको उनको बताए। गोली हान्दा २ सशस्त्र प्रहरी र एक जनपथ प्रहरी मध्येबाट गोली प्रहार भएको र गोली कन्चटमा लागी नबिना चौधरीको मृत्यु भएको उनको भनाई छ। सुरुमा मधुवन २ सोनाहाका २४ बर्षिय राकेश कुमारको दाहिने काखीमा गोली लागेको उनको भनाई छ। त्यस पछि नबिना चौधरीलाई गोली लागको उनले बताए। नबिना चौधरीको मृत्यु भएको स्थानिय २८ बर्षिय मीन बहादुर परियारले जानकारी दिए। सुरक्षाकर्मीले जंगल भित्रबाट गोली हानेको र तत्काल लास उठाउन नदिई आफैले लगेको परियारले बताए।

घटनास्थलबाट प्रहरीले स्थानिय ३५ बर्षिय भिम नेपाल, २२ बर्षिय संजिव योगी चौधरी र ३३ बर्षिय तिलक शाहीलाई नियन्त्रणमा लिएर लगेकोमा सोहि दिन २०७९ जेष्ठ २३ गते राती ११ बजे जिल्ला प्रहरी कार्यालय बाँकेबाट मुद्दा नचलाई थुनामुक्त गरेको रहेछ। बजारमा आफु सेफ भँईदैन भनेर सुरक्षाकर्मी जंगलसाईडमा गई गोली हानेको आरोप स्थानियहरुले लगाएका छन् भने प्रहरीले ६०० मिटर परसम्म लखेट्दै ढुंगाामुडा गरेको घटनाले योजनावद्ध रुपमा घटना घटाएको हुन सक्ने प्रहरी उपरिक्षकले आफ्नो सफाई पेश गरेका छन्।

घटना पश्चात् प्रहरीले गोली लागी रगताम्य भई भुईमा लडेकी नबिना चौधरीलाई आफ्नो नियन्त्रणमा लिएको प्रत्यक्षदर्शी कालुराम चौधरीले बताउनु भयो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक हृदेशकुमार सापकोटाले बाटोको अवरोध हटाउने क्रममा प्रहरी र आन्दोलनकारी बिच झडप हुँदा एक जनाको मृत्यु भएको तर के कारणले मृत्यु भएको भन्ने बारेमा पोष्टमार्टम रिर्पोट आए पछि मात्र भन्न सकिने बताउनु भयो। आन्दोलनकारीबाट ढुंगा हान्ने, महिलालाई ढालको रुपमा प्रयोग गरि प्रहरीलाई लखेट्ने ढलाउने कार्य गरे पछि गोली चलेको र प्रहरी तर्फबाट मात्रै नभई सशस्त्र प्रहरी तर्फबाट पनि गोली चलेको जानकारी दिनु भयो।

घटनाको स्थलगत अनुगमन गर्ने क्रममा अध्ययन टोलीले घटना स्थल, घटनाका प्रत्यक्षदर्शी, पीडित परिवार, प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्स्तोला, प्रहरी उपरिक्षक बीरबहादुर शाहीसंग भेटघाट गरी घटनाको तथ्य संकलन

गरेको थियो। अनुगमन टोलीसँग मृतकका बुवा दुलारे थारु र आमा रामकृष्णी थारुले घटनाको सत्य तत्थ्य बाहिर ल्याउन र दोषीलाई कानुनी कार्वाही गर्न पर्ने पहिलो माग रहेको रहेको बताउनु भयो।

मधुवन नपा २ सोनाहा की ४० वर्षीया सुस्मिता थारुलाई जेठ २३ गते बिहान खेतमा काम गरिरहेको अवस्थामा बाघले आक्रमण गरी घाइते बनाएको घटनालाई लिएर स्थानीयहरु हुलाकी राजमार्ग अवरोध गरी आन्दोलन गरिरहेका थिए। आन्दोलनकर्मीहरुले सरकारले घाइतेको निशुल्क उपचार गर्न पर्ने र नरभक्षी बाघलाई नियन्त्रणमा लिनुको साथै नागरिकहरुको सुरक्षा हुन पर्ने माग गर्दै दिनभरी सडक अवरोध गरी आन्दोलन गरिरहेका थिए।

आन्दोलनका अगुवा कालुराम चौधरीले शान्तिपूर्ण आन्दोलनमा प्रहरी प्रशासनले अप्रत्यासित रुपमा दमनको निति लिएर आक्रमण गरेको आरोप लगाउनु भयो। ‘ सांझको ६ बजिसकेको थियो। आन्दोलनकर्मीहरु आफै पनि घरतिर जाने मनस्थीतमा थिए। प्रशासनसंग वार्ता गरी सहमती गर्ने भनेर गुलरियाबाट टोली आउन लागेको खबर आएको थियो। तर अचानक प्रहरीले सिट्ठी बजाएर माथिको आदेश छ भन्दै अवरोध हटाउन आन्दोलनकर्मीहरु माथि आक्रमण गरेपछि दोहोरो झडप भएको हो। सोही क्रममा प्रहरीले गोली चलाउँदा २० वर्षीया नविनाको गोली लागि घटना स्थलमा मृत्यु भयो।



र अर्का २२ वर्षीय राकेशकुमार चौधरी घाइते भएका हुन्।’ कालुरामले बताउनु भयो।जिल्ला प्रहरी कार्यालय गुलरियाका प्रहरी उपरिक्षक विरबहादुर शाहीले भने घटना स्थलमा नेपाल प्रहरीले एक राउण्ड हवाई फायर मात्रै त्यहाँको स्थीती अनुसार चलाएको बताउनु भयो। गोली चलाउने आदेश नरहेको पनि बताउनु भयो। मृतकको मृत्यु के कारणले भयो भन्ने कुरा पोष्टमार्टम पछि मात्र भन्न सकिने बताउनु भयो। प्रहरीले संयमता अपनाए पनि आन्दोलनकर्ता तर्फबाट नियोजित रुपमा आन्दोलनलाई दुर्घटना तर्फ लैजान खोजेको जस्तो देखिएको बताउनु भयो। प्रहरी फौजी आदेश अनुसार चल्ने हो। प्रहरीका तर्फबाट शक्तिको प्रयोगको आवश्यकता अनुसार बल प्रयोग गरिएको हो। आन्दोलनकारीले ढुंगामुडा गरि लखेट्ने, ढलाउने कार्य गरे पछि बल प्रयोग भएको हो। यसमा अनावश्यक बल प्रयोग गर्ने गरेका होईन। अनुसन्धान

टोली गठन गरेकाले यथार्थ कुरा त्यहिँबाट आउने प्रहरी उपरिक्षकले बताए। वार्ता भईरहेको समयमा प्रहरीलाई ७०० मिटरसम्म लखेटी लखेटी ढुंगा हान्ने कार्य कसरी भयो आफु पनि अचम्ममा परेको प्रहरी उपरिक्षकले बताए। आन्दोलनकारीको आक्रमणबाट ११ प्रहरी घाईते भएको जानकारी प्रहरी उपरिक्षकले दिए। आन्दोलनकारीको वडा कार्यालयले बनाईदिएको सुरक्षा बिट जलाउने, मोटरसाईकल जलाउने जस्ता कार्यले घटना पुर्व योजना अनुसार घटनाएको त होईन भन्ने आशंका उब्जाएको प्रहरी उपरिक्षकको भनाई छ।

सो घटनाको विषयमा प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोलाले गृह मन्त्रालयबाट घटनाको छानविन समिति गठन भएर आइसकेकोले अब के कसरी ब्यक्तिको मृत्यु हुनेसम्मको घटना हुन पुग्यो भन्ने बारेमा समितिको प्रतिवेदनले नै बताउने बताउनु भयो। गोली जनपथ वा सशस्त्र कसले हानेको भन्ने बारेमा नखुलेको र गोली हान्नु पर्ने थियो थिएन भन्ने बारेको अध्ययन अब गृह मन्त्रालयको छानविन टोलीले गर्ने प्र.जि.अ. बास्तोलाले बताउनु भयो।

घटनामा गोली चली एक किशोरी नबिना चौधरीको मृत्यु भएको र केही स्थानिय घाईते भएको सन्दर्भमा घटनास्थलमा जनपथ प्रहरी र सशस्त्र प्रहरीको टोली घटनास्थलमा तैनाथ रहेकोमा सुरुवा आवश्यकता अनुसार गोली चलाएको भनी आफ्नो माथील्लो निकायमा जाहेर गरेको सशस्त्र प्रहरीले पछि आफ्नो तर्फबाट गोली नचलाएको दावी प्रस्तुत गरेको छ।

सशस्त्रका तर्फबाट पनि गोली चलेको र सुरुमा आफुहरुको रोहवरमै आफ्नो माथिल्लो निकायमा खबर गरेकोमा पछि माथिको खै के कुराले हो आफ्नो तर्फबाट गोली नै नचलेको भनी दावी लिने कुरा अचम्मको भएका नाम नलेख्ने शर्तमा एक प्रहरी निरिक्षकले अनुगमनकर्तालाई जानकारी दिए। जनपथले भन्दा बढी गोली सशस्त्रले चलाए पनि गोली नै चलाएको छैन भनेर जिम्मेवारीबाट पन्छिने काम भएको ति प्रहरी निरिक्षकले बताए।

सो घटनाबारे अनुसन्धान गर्न गृह मन्त्रालयले छानबिन गर्न ५ सदस्यीय समिति गठन गरेको छ। गृह मन्त्रालयका सहसचिव हरि घिमिरेको संयोजकत्वमा ५ सदस्यीय छानबिन समितिले घटना स्थल पुगि जेठ २५ गते देखि काम शुरु गरेको छ। समितिमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक (सहसचिव) बेदकुमार ढकाल, नेपाल प्रहरीका उपरीक्षक कृष्ण कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक विकास पाण्डे र गृह

मन्त्रालयका उपसचिव ध्रुव खड्का सदस्य छन् । समितिलाई काम सुरु गरेको मितिले ७ दिनभित्र प्रतिवेदन बुझाउने गरी काम शुरु गरेको समितिका संयोजक हरि घिमिरेले बताउनु भयो ।

मधुवन न.पा. २ ओराली बजारमा २०७९ जेठ २३ गते प्रहरीको गोली लागि मृत्यु हुने मधुवन न.पा. २ सोनाहाकी २० वर्षीया नविना चौधरीको शव बर्दिया अस्पतालमा राखिएको छ । अर्का २२ वर्षीया राकेश कुमार चौधरीको नेपालगंज स्थित नेपालगंज मेडिकल कलेजमा उपचार भइरहेको छ । मृतकको टाउकोमा गोली लागेको छ । घाइतेको कोखामा गोली लागेको छ । प्रहरी उपरिक्षक बीरबहादुर शाहीका अनुसार प्रहरी तर्फ प्रहरी नायव उपरिक्षक सुर्य सुवेदी सहित १२ जना घाइते भएका छन् । आन्दोलनकर्मी तर्फ पनि केही घाइते भएका छन् ।

पीडित र सरकार पक्ष बीच पीडितलाई तत्काल क्षतिपूर्ती र घाइतेको निःशुल्क उपचार गर्ने सहमति भए पछि अवरुद्ध सडक खुलेको छ । पीडित पक्ष, प्रशासन, स्थानीय जनप्रतिनिधि र राजनीतिक दल बीच मृतकका परिवारलाई बीस लाख रुपैयाँ क्षतिपूर्ति, मृतकको शालिक निर्माण र घाइतेहरुको सम्पूर्ण खर्च सरकारले व्यहोर्ने सहमति पछि गत सोमबार देखि अवरुद्ध सडक सूचारु भएको जिल्ला प्रहरी कार्यालय प्रहरी उपरिक्षक बीरबहादुर शाहीले बताउनु भयो ।

बर्दिया राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, खाता जैविक मार्गमा मानव बसोबास क्षेत्र भित्र मानव वन्यजन्तु द्धन्द्धको स्थायी समाधान खोज्ने, पटक पटक मानिसलाई आक्रमण गर्ने नरभक्षी बाघको पहिचान गरी स्थानान्तरण गर्ने र सो वन्यजन्तुको आक्रमण बढी हुने करिब २० कि.मि. क्षेत्रमा तारजाली तथा कंक्रिट वाल लगाउने सहमति पछि सडक सूचारु भएको हो ।

पीडित पक्षका वार्ता टोली संयोजक सदस्य ढिकराम थारुले मागहरु पुरा भएको हुनाले बन्द फिर्ता लिईएको बताउनु भएको छ । जिल्ला प्रशासन कार्यालय र आन्दोलनकर्मी बीच पाँच बुँदे सहमती गरी सडक अवरोध २०७९ जेष्ठ २५ गते दिउसो २ बजे पछि हटेर यातायात शूचारु भएको छ ।




**प्रतिवेदक**

बसन्त गौतम

बाँके अध्यक्ष

मानव अधिकार एलाइन्स

९ जुन सन् २०२२